नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति, रसुवाको मिति २०८३।०७।२० गतेको निर्णयहरू:

१. जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति (District Disaster Risk Reduction and Management Committee -DDRRMC) बाट यस अघि भएका निर्णयहरूको कार्यान्वयन अवस्था सम्बन्धमा समिक्षा गरियो।

२. रसुवा-भोटेकोशी बाढीका कारण सम्पर्क विहीन/बेपत्ता व्यक्तिको विवरण यकिन गर्ने प्रक्रिया, २०८३ बमोजिम रसुवा जिल्लास्थित स्थानीय तहहरूका वडामा प्राप्त निवेदनका आधार सम्बन्धित स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयका आधारमा हालसम्म प्राप्त विवरण (यसैसाथ संलग्न) अनुमोदन गरी राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबारमा सिफारिस गर्ने।

३. राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंको च.नं. १०५३ मिति २०८३।०७।१० गतेको पत्रबाट PHP प्रविधिमा देखिएका सम्भावित सुरक्षा कमजोरीहरूका कारण Reconstruction MIS प्रणालीको सर्भर सञ्चालनमा समस्या उत्पन्न भई नेपाल सरकारद्वारा विपद् संकटग्रस्त क्षेत्र घोषणा भएका जिल्लाको तथ्याङ्क प्रविष्टि तथा अद्यावधिक गर्ने कार्य अवरुद्ध भएको खण्डमा तथ्याङ्क प्रविष्टि गर्न असम्भव भएमा स्थानीय विपद् व्यवस्थापन समितिले लाभग्राही यकिन गरी Manually कागजात तयार र प्रमाणित गरी राहत र जिविकोपार्जन रकम भुक्तानी गर्न बाधा नपर्ने भनी लेखी आएको हुँदा कार्यान्वयन स्थानीय तहबाट सोही बमोजिम गर्ने/गराउने।

४. नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८३ भदौ २५ गतेको रसुवा-भोटेकोशी बाढी प्रभावितलाई बसोबास तथा जीविकोपार्जन अनुदान बापत चार जनासम्म सदस्य भएको घरधुरीलाई मासिक पन्ध्र हजार रुपैयाँ र सो भन्दा बढी सदस्य भएकालाई प्रतिसदस्य थप दुई हजार रुपैयाँ बढीमा ६ महिनाका लागि उपलब्ध गराउने सम्बन्धी निर्णय र सो निर्णयका आधारमा जारी रसुवा भोटेकोशी बाढी प्रभावितका लागि बसोबास र जीविकोपार्जन अनुदान वितरण प्रक्रिया, २०८३ बमोजिमको अनुदान उपलब्ध गराउन एवम् Temporary/Transition Shelter निर्माणका लागि लाभग्राही पहिचान, दर्ता र प्रमाणिकरणको कार्य गर्नु अत्यावश्यक भएको हुँदा जिल्लास्थित प्रभावित स्थानीय तहहरूले उक्त कार्य यथाशीघ्र सम्पन्न गर्ने र जिल्लास्थित क्रियाशिल साझेदार संघसंस्थाहरुले आ-आफ्नो कार्यक्षेत्र अनुसार स्थानीय तहहरूलाई सहयोग पुऱ्याउने व्यवस्था गर्ने।

५. राष्ट्रिय विपद जोखिम न्युनीकरण तथा व्यवस्थापन प्राधिकरणको च.नं. ११३९, मिति २०८३।०७।१७ को पत्रसाथ प्राप्त नगद सहायता लगायत मानवीय सहायता परिचालन सम्वन्धमा विकास साझेदार संघसंस्थाहरूसँग मिति २०८३।०७।१६ गते भएको बैठकको बेहोरा अवगत भयो। सो सम्बन्धमा संयुक्त राष्ट्रसंघीय निकायहरूसहित विभिन्न संघसंस्थाले यस जिल्लास्थित स्थानीय तहसँगको समन्वयमा प्रभावित घरपरिवार एवम् व्यक्तिहरूलाई नगद सहायता उपलब्ध गराईरहेको सन्दर्भमा सो को यथार्थ विवरण/प्रतिवेदन जिल्ला प्रशासन कार्यालय, रसुवामा तुरुन्त उपलब्ध गराउने व्यवस्था गर्ने र अब उप्रान्त नगद सहायता लगायतका मानवीय सहायता उपलव्ध गराउनुपुर्व सम्बन्धित स्थानीय तह र जिल्ला प्रशासन कार्यालयसँग अनिवार्य समन्वय गर्ने व्यवस्था गर्ने।

६. मिति २०८३।०५।१० गते रसुवा-भोटेकोशी नदीमा आएका बाढीका कारण फेला परेका शवहरूको पोष्टमार्टम प्रतिवेदन (Autospy Report) हालसम्म प्राप्त नभएकोले सो प्रतिवेदन प्राप्तिका लागि राष्ट्रिय विपद् जोखिम तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबारमार्फत सम्बन्धित निकायमा अनुरोध गर्ने।

७. सडक डिभिजन, नुवाकोटको च.नं. ३४७ मिति २०८३।०७।१० गतेको पत्रबाट बर्षातका कारण पासाङल्हामु राजमार्गको धुन्चे-स्याफ्रुवेशी सडकखण्ड अन्तर्गत सानोभार्खु भन्ने स्थानमा चेनेज नं. CH 103+860 सडकको तल्लो भागमा पहिरो गई अवरुद्ध भएको सडक तथा चेनेज नं. CH 103+950 मा सडक भासिएर जोखिमपूर्ण बनेको यातायात सेवा पुर्नस्थापना गर्न सडक डिभिजन, नुवाकोटबाट तत्काल यातायात सञ्चालनमा ल्याउनुपर्ने विशेष परिस्थिति आईपरेकोले सार्वजनिक खरिद ऐन, २०६३ दफा ६६ र नियमावली, २०६४ को नियम १४५ को अधिनमा रहि सोझै खरिदको माध्यमद्वारा तत्काल उक्त आकस्मिक कार्य सम्पन्न गरेको हुनाले अनुमोदनका लागि अनुरोध भई आएकोले नियमानुसार अनुमोदन गरियो।

८. आमाछोदिङमो गाउँपालिका वडा नं. १ हाकुवेशीका करिब १५६ भन्दा बढी घरधुरी बसोबासका लागि अयोग्य रहेको भनी संयुक्त रुपमा यस कार्यालयमा निवेदन प्राप्त भएको हुँदा भौगर्भिक अध्ययनका लागि राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार काठमाडौंमा अनुरोध गर्ने।

९. रसुवा-भोटेकोशी बाढीका कारण जिल्लाका धेरै मानवीयबस्ती एवम् स्थानहरू क्षेत विच्छेद भएकोले बस्ती व्यवस्थापन, पुर्ननिर्माण, पुर्नस्थापनाको लागि आवश्यक भौगर्भिक अध्ययनको प्रतिवेदनद्वारा उपयुक्त स्थानमा बसोबास व्यवस्था गर्ने प्रयोजनार्थ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार काठमाडौंमा अनुरोध गर्ने।

१०. मिति २०८३।०५।१० गतेको भोटेकोशी बाढीका कारण जिल्लास्थित विद्युतीय प्रणाली अवरुद्ध भई पुर्नसञ्चालन गर्ने कार्य निरन्तर भई रहेकोमा हाल जिल्लामा विद्युतको माग र आपूर्ति बिच सन्तुलन कायम हुन नसक्दा दैनिक जीवनयापन अत्यन्त कष्टकर भएकाले माग बमोजिमको विद्युतीकरणका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमार्फत नेपाल विद्युत प्राधिकरणमा अनुरोध गर्ने।

११. उत्तरगया गाउँपालिकाको मिति २०८३।०६।१४ गतेको स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको निर्णयानुसार आफ्नै प्रशासनिक भवन निर्माणका लागि उपयुक्त र सुरक्षित मानिएको उत्तरगया गाउँपालिका वडा नं. ५ लहरेपौवास्थित पालेवमा रहेको नेपाल सरकारको नाममा रहेको (करिब ८ रोपनी) क्षेत्रफलको जग्गा प्राप्तिका लागि सम्बन्धित निकायमा पत्राचार गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा